म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट
२०७३
बागमती प्रदेश

आ.व. ०८२/८३ | प्रेस वि. नं. ०१

**प्रेस विज्ञप्ती !**

मिति २०८२ साल भाद्र २३ र २४ गते जेन जी पुस्ताले गरेको प्रदर्शनको क्रममा देशमा आकस्मिक रुपमा उत्पन्न भएको असहज परिस्थितिले हामीलाई अत्यन्त मर्माहत तुल्याएको छ। यस दु:खद घडीमा ज्यान गुमाउनु भएका अमूल्य आत्माहरुको चिरशान्तिको कामनाको साथै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना तथा घाईते नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ। यस परिस्थितिमा गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरु भोलि मिति २०८२ साल २५ गते बुधबार १ दिन बन्द रहने व्यहोरा जानकारी गर्दछौँ। यस विषम परिस्थितिमा हामी सबैले संयमता र धैर्यताका साथ शान्ति र सद्भाव कायम गर्न सम्पूर्णमा हार्दिक अनुरोध समेत गर्दछौँ।

२०८२ भाद्र २४, मंगलबार।

आशा तामाङ
गाउँपालिका अध्यक्ष
तथा
म्यागङ गाउँपालिका परिवार